म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- ९९ २०७९ फगुन १७ गते बुधबार 1 March 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## लघुवित्त संस्थाविरुद्ध प्रदर्शन

हेटौंडाः लघुवित्त संस्थाहरुको ज्यादतीको बिरुद्धमा मंगलबार हेटौंडामा विरोध प्रदर्शन भएको छ । बागमती प्रदेश लघुवित्त संस्था बिरुद्धको संघर्ष समितिले हेटौंडा उपमहानगरपालिका नजिकै नेपाल सरकारसँग ५ बुँदे मागसहित बिरोध प्रदर्शन तथा धर्ना कार्यक्रम गरेको हो ।

उनीहरुले लघुवित्त संस्थाहरु खारेज गर्नुपर्ने, लघुवित्त संस्थाहरुद्वारा लिइएको सामुहिक ऋण मिनाहा गर्नुपर्ने, आवश्यकता र क्षमतामा आधारित काम र दामको व्यवस्था गर्नुपर्ने, गरिब किसानहरुलाई निशुल्क ऋण प्रदान गर्नुपर्ने र समाजवादी अर्थतन्त्रको विकास गर्नुपर्ने माग राखेका छन् ।

### बागमती प्रदेश सरकारको निर्णय

## मृतकका परिवारलाई एक लाख राहत



समाज संवाददाता

हेटौंडाः हात्तीको आक्रमणबाट मृत्यु भएकाको परिवारलाई बागमती प्रदेश सरकारले प्रतिपरिवार एक लाख रुपैयाँ राहत उपलब्ध गराउने भएको छ । मंगलबार बिहान बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले हात्तीको आक्रमणबाट मृत्यु भएका मकवानपुरका दुई र सिन्धुलीका एक मृतकको परिवारलाई राहतस्वरुप जनही एक लाख रुपैयाँ दिने निर्णय गरिएको प्रदेश सरकारका प्रमुख सचिव मुकुन्द निरौलाले जानकारी दिनुभएको छ ।

हात्तीको आक्रमणमा परी फागुन ८ गते मकवानपुरको मनहरी गाउँपालिका-४, मसिनेकी ६४ वर्षीया राधा अधिकारीको मृत्यु भएको थियो । यस्तै फागुन ११ गते राती मकवानपुरको बकैया गाउँपालिका-५, पावसका सन्तलाल माझीको पनि हात्तीको आक्रमणबाट मृत्यु भएको थियो । सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-१३, माथिल्लो रानीबासका ४० वर्षीय दण्डपाणि पौडेलको गत शनिबार हात्तीको आक्रमणबाट मृत्यु भएको थियो ।

यस्तै मंगलबारको मन्त्रीपरिषद् बैठकले थाहा नगरपालिकालाई शितभण्डार निर्माणका लागि ३ करोड रुपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको छ । प्रदेश सुशासन केन्द्रका निर्देशक बिमल पोखरेलको राजिनामा स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ भने प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रा.डा. जयन्त नाथ खलालले राजिनामा दिनुभएको विषय जानकारी गराइएको थियो । राप्रपाबाट सदस्यमा मनोनित हुनुभएका खनालले प्रदेश सरकारबाट राप्रपा शनिबार बाहिरिएसँगै आइतबार उहाँले राजिनामा दिनुभएको हो ।

## प्रदेश योजना आयोगका सदस्यको पाँच दिनमै राजिनामा

हेटौंडाः बागमती प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रा.डा. जयन्त नाथ खनालले पदको सपथ लिनुभएको पाँचौं दिनमै राजिनामा दिनुभएको छ । फागुन १० गते बुधबार नीति तथा योजना आयोगको सदस्य पदको सपथ ग्रहण गर्नु भई जिम्मेवारी सम्हाल्नु भएका खनालले पाँचौ दिनको दिन आइतबार पदबाट राजिनामा दिनुभएको हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को सिफारिसमा सदस्य नियुक्त हुनुभएका खनाल प्रदेश सरकारबाट राप्रपाका मन्त्रीहरुले राजिनामा दिएको भोलिपल्ट नै पदबाट राजिनामा गर्नुभएको हो । संघीय सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रले सत्ता गठबन्धन भन्दा बाहिरको उम्मेदवारलाई राष्ट्रपतिमा समर्थन जनाएपछि राप्रपाले संघीय सरकार छाड्ने निर्णय गरेको थियो । संघीय सरकार छाडेसँगै बागमती प्रदेश सरकारमा राप्रपाका उद्धव थापा नेतृत्वको तीन जना मन्त्रीले शनिबार साँझ मुख्यमन्त्रीलाई राजिनामा बुझाएका थिए ।

पार्टीले सरकार छाडेपछि नैतिकताका आधारमा पदबाट राजिनामा दिएको प्रा.डा. खनालले बताउनुभयो । राप्रपा केन्द्रीय सदस्य समेत रहनुभएका प्रा.डा. खनालले वासेरमार्फत प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षसमक्ष राजिनामा दिनुभएको हो ।

बागमती प्रदेश सरकारका प्रमुख सचिव मुकुन्द निरौलाका अनुसार प्रदेश नीति तथा योजना आयोगका सदस्यले उपाध्यक्ष सामु राजिनामा बुझाएपछि स्वत: पदमुक्त हुने व्यवस्था छ । मंगलबार बिहान प्रदेश मन्त्रिपरिषद्को बैठकमा प्रमुख सचिव निरौलाले नीति तथा योजना आयोजनाका सदस्य प्रा.डा. खनालले पदबाट राजिनामा दिनुभएको जानकारी गराउनुभएको थियो ।

## आधारभूत तहमा स्थानीय पाठ्यक्रम

समाज संवाददाता

**हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरिने भएको छ । पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिको बैठकले सोमबार यस्तो निर्णय गरेको हो ।**

**आगामी शैक्षिक सत्र २०८१ मा उक्त पाठ्यक्रम लागू गर्ने लक्ष्य उपमहानगरले राखेको छ । बैठकले पाठ्यक्रम निर्माणको कार्यविधि संशोधन, तथ्यांक संकलन र कसरी निर्माण गर्ने भन्ने विषयमा प्रारम्भिक छलफल गरेको छ । कक्षा ४ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिने समितिकी सदस्यसचिव सुनिता महर्जनले बताउनुभयो ।**

**हेटौंडा उपमहानगरमा कक्षा ३ सम्म स्थानीय पाठ्यक्रम लागू भइसकेको छ । आउँदो शैक्षिक सत्र २०८० सुरु हुन एक महिनामात्र बाँकी भएकाले तत्काल उक्त पाठ्यक्रम लागू हुन नसक्ने उहाँको भनाइ छ । चालु आर्थिक वर्ष २०७९/८० मा हेटौंडा उपमहानगरपालिकाले स्थानीय पाठ्यक्रमका लागि ७ लाख रुपैयाँ बजेट छुट्याएको छ । पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा ७ जनाको समिति रहेको छ । उक्त समितिले अध्ययन र अनुसन्धान गरेर स्थानीय पाठ्यक्रम निर्माण कार्य अघि बढाउनेछ ।**

## व्यक्तिलाई अनुदान दिने काम रोक्छौं: मुख्यमन्त्री जमकट्टेल



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको मुख्यमन्त्री शालिकराम जमकट्टेलले प्रदेश सरकारले व्यक्तिलाई अनुदान दिने काम रोक्ने बताउनुभएको छ । मंगलबार हेटौंडामा आयोजित खाद्य अधिकारसम्बन्धी विद्यमान कानुन र कार्यान्वयनको अवस्थाबारे नीति निर्माताहरुसँगको संवादमा बोल्नुहुँदै उहाँले प्रदेश सरकारले समुदाय लक्षित अनुदान मात्र दिने बताउनुभयो ।

व्यक्तिलाई अनुदान दिँदा वास्तविक किसान भने सधैं मारमा पर्ने भएकोले प्रदेश सरकारले नयाँ ढंगले काम गर्ने बताउनुभयो । व्यक्तिलाई अनुदान दिने नीतिलाई नबदलेमा जति बजेट छुट्याए पनि अनुदान दिए पनि केही उपलब्धि नहुने उहाँले बताउनुभयो । समुदाय लक्षित अनुदान दिएमा उत्पादन बढ्ने र खाद्यमा आत्मनिर्भर हुने उहाँको भनाइ छ । उहाँले प्रदेश सरकारले किसानको उत्पादनलाई बजार व्यवस्थापन गरिने बताउनुभयो । उहाँले प्रदेश सरकारले किसानलाई तालिम, मल, बीउ, पानी र प्राविधिक दिने बताउनुभयो ।

यस्तै, बागमती प्रदेश सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्री केशवराज पोखरेलले बागमती प्रदेश सरकारले नयाँ ढङ्गले काम गर्न सुरु गरिसकेको बताउनुभयो । किसानहरुलाई व्यावसायिकताको आधारमा वर्गीकरण गरी किसान परिचयपत्र वितरण गर्ने उहाँले बताउनुभयो । अहिले प्रदेश सरकार किसानहरूको गुनासो सुन्न किसान हेल्प डेस्क निर्माण गरिएको र किसानहरुको राम्रो प्रतिक्रिया पाएको बताउनुभयो ।

यस्तै, फियान नेपाल बागमती र मधेस प्रदेशकी संयोजक लक्ष्मी गुरुङले सरोकार निकायले भोकमरीको अन्त्य गर्नुपर्ने बताउनुभयो । अहिले कृषि पेशाको संरक्षण गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । किसानको पहिचान र सम्मान गर्नुपर्ने उहाँको भनाइ छ । कार्यक्रममा बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको पनि उपस्थिति रहेको थियो ।

## राष्ट्रिय खेलाडी मोक्तान नगदसहित सम्मानित

समाज संवाददाता



**हेटौंडाः कराते खेलका राष्ट्रिय खेलाडी महसुस मोक्तान सम्मानित भएका छन् । सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह, मनहरी-६ ले मंगलबार आयोजना गरेको एक कार्यक्रममा मोक्तानलाई एक लाख रुपैयाँसहित सम्मान गरिएको हो ।**

**कार्यक्रममा प्रमुख अतिथि मनहरी-६ का वडा अध्यक्ष युवराज थपलिया हुनुहुन्थ्यो । प्रमुख अतिथि एवम् वडा अध्यक्ष थपलियाले आफ्नै ठाउँका भाइहरु राष्ट्रियस्तरको खेलाडी भएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले वडा, पालिका, जिल्ला हुँदै राष्ट्रियस्तरको स्थान बनाउन सफल भएकोमा मोक्तानलाई थप खेल जीवनमा सफलताको शुभकामना दिनुभयो । खेलाडीलाई गरिएको सम्मानले हौसला प्राप्त हुने भन्दै उहाँले सामुदायिक वनलाई धन्यवाद दिनुभयो ।**

**सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पार्वती मोक्तानको सभाध्यक्षतामा कार्यक्रम भएको हो । अध्यक्ष मोक्तानले आफ्नो ठाउँका युवाहरु कुलतमा लागेको भन्दै दु:ख व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा खेलमार्फत् सबैलाई एक सूत्रमा समेट्नका लागि आग्रह गर्नुभयो । खेल क्षेत्र स्वास्थ्यका लागि अपरिहार्य भएको हुँदा क्रमिकरुपमा सुधार्नुपर्ने उहाँले बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेस मनहरी-६ का पार्टी सभापति बाबुराम थिङ, नेकपा माओवादी केन्द्रका प्रतिनिधि यदुनाथ श्रेष्ठलगायतको उपस्थिति थियो । महसुस दुई वर्षअघि १३ औं दक्षिण एसियाली खेलकुद (साग) का टिम काताका स्वर्ण पदक विजेता हुन् ।**


## नेपाल टेलिकमको ल्याण्डलाईन माईग्रेशन सम्बन्धी सूचना !!!

**यस कार्यालयबाट वितरण भएका ल्याण्डलाईन टेलिफोनलाई आधुनिक प्रविधि FTTH बाट सञ्चालन गर्न नेटवर्क विस्तार भई माईग्रेशन समेत भईसकेकोमा केहि ग्राहकहरु सम्पर्क हुन नसकेको कारण माईग्रेशन हुन नसकेकोले ७ (सात) दिन भित्र कार्यालयमा सम्पर्क गरी माईग्रेशन गराउन हुन अनुरोध छ ।**

**नेपाल टेलिकम, हेटौंडा**
**०५७-५२०७०८**

# हार्दिक बधाई


सुदीप राज गिरी


सुशील राज गिरी

दशनामी समाज मकवानपुरको अधिवेशनबाट हाम्रा प्रिय मित्र सुदीप राज गिरी अध्यक्ष पदमा, सुशील राज गिरी सहसचिव पदमा सर्वसम्मत निर्वाचित भएको हार्दिक बधाईसहित नवनिर्वाचित समितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**नरेन्द्र भण्डारी**
हेटौंडा-९, लामसुरे

**प्रकाश गौतम**
हेटौंडा-१६, हटिया

**विनोद दाहाल**
हेटौंडा-१६, हटिया

**रोशन खनाल**
हेटौंडा-८, कमाने

**सुरेश श्रेष्ठ**
हेटौंडा-४, कमलडाँडा

**हरि कुमार शर्मा**
हेटौंडा-९, चौधघरे

**रविन श्रेष्ठ**
हेटौंडा-६, हात्तिलेट

# सम्पादकीय

## बालविवाह अन्त्य हुनु आवश्यक

बालमैत्री पालिका घोषणाको तयारीमा रहेको हेटौंडा उपमहानगर पालिकामा बालविवाह अन्त्य गर्न चुनौती देखिएको छ । यसअघि नै बालमैत्री घोषणा भइसकेका मनहरी, बकैया तथा मकवानपुरगढी गाउँपालिकामा समेत बालविवाह अन्त्य हुन नसकेको अवस्थामा हेटौंडामा पनि बालविवाह अन्त्य गर्न निकै कठिनाई हुने देखिन्छ । आगामी मंसिरसम्म बालमैत्री पालिका घोषणाका लागि वडा तथा टोलस्तरमा सचेतनामूलक एवम् अन्य कार्यक्रम भइरहेको अवस्थामा हुन लागेको दुईवटा बालविवाह रोकिएको छ । हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १४ र १७ मा हुन लागेको बालविवाह एक साताअघि रोकिएको हो । बालमैत्री घोषणाको तयारीका लागि उपमहानगर पालिकाले नियुक्त गरेको वडा सहजकर्ता तथा सम्पर्क व्यक्तिको सक्रियतामा बालविवाह रोकिएको हो । १८ वर्षभन्दा कम उमेरका बालबालिकाको विवाहका लागि दुबै पक्ष तयारी अवस्थामा रहेको जानकारी पाएपछि कानुनी आधारमा विवाह गर्न नमिल्ने भनी जानकारी गराउँदै बालविवाह रोकिएको बताइएको छ । यसअघि पनि हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १९ मा वडा कार्यालय र जनप्रतिनिधिको सक्रियतामा बालविवाह रोकिएको थियो ।

कानुनले २० वर्षभन्दा कम उमेरमा विवाह गरेमा दण्डनीय मानेको अवस्थामा बालविवाह हुनुले राम्रो संकेत गर्दैन । मकवानपुर जिल्लामा अझै पनि बालविवाह व्यापक हुने गरेको प्रमाण यहाँको स्वास्थ्य संस्थामा आउने किशोरी गर्भवतीको तथ्यांकले प्रष्ट पार्दछ । मकवानपुरको हेटौंडा अस्पतालमा मात्रै मासिक औसत २० जनाभन्दा बढी किशोरीले बच्चा जन्माउने तथ्यले बालविवाह चुनौतीपूर्ण रहेको मान्न सकिन्छ । जिल्लाका ३ वटा स्थानीय तह बालमैत्री घोषणा भइसकेको र अन्य स्थानीय तहहरु बालमैत्री घोषणाको तयारीमा रहँदा समुदायमा बालविवाह भइरहनुले चुनौती बढाएको छ । विगतमा अभिभावकमा चेतनाको कमीले अभिभावककै करकापबाट बाल विवाह हुने गरेको भए पनि पछिल्लो समय बालबालिकाले नै आफूखुशी विवाह गर्ने क्रम व्यापक बनेको छ । मोबाइल फोन तथा सामाजिक सञ्जालको प्रभावले बालबालिकाबीच प्रेम सम्बन्ध हुने भएकाले अपरिपक्व उमेरमै विवाहको लागि तयार हुने क्रम बढिरहेको छ ।

बालविवाह कानुनीरुपमा दण्डनीयमात्र नभई सामाजिक, आर्थिक र प्रजनन स्वास्थ्यका दृष्टिकोणले अनुपयुक्त छ । पढ्ने, खेल्ने र रमाउने उमेरमा विवाह गर्दा शिक्षा आर्जनको क्रम अवरुद्ध हुन्छ । यसले बालविवाह गर्ने केटा-केटी दुबैको भविष्य सुखद् हुन सक्दैन । सानै उमेरमा विवाह गर्दा पारिवारिक विचलनसमेत आउने गरेको छ । बालविवाह गर्नेमात्र नभई २० वर्षभन्दा कम उमेरमै आमा बन्नेको संख्या उल्लेख्य रहनु थप चिन्ताको विषय बनेको छ । बालविवाहलाई एउटा जटिल सामाजिक समस्या तथा विकृतिको रुपमा लिने गरेको भए पनि बालविवाह अन्त्य नहुनुले हाम्रो समाजको चेतनास्तर कमजोर रहेको देखाउँछ । बालविवाहले किशोरावस्थामै आमा बन्नुपर्ने बाध्यता सिर्जना गरेको छ । सानै उमेरमा विवाह गर्दा केटा र केटी दुबैले परिपक्व निर्णय लिन नसक्ने भएका कारण घरायसी विवाद र बेमेल बढ्ने गरेको छ ।

हेटौंडालाई बालमैत्री उपमहानगर घोषणाको तयारी भइरहेको अवस्थामा बालविवाह रोकिनुलाई तयारीको सफलता मान्न सकिए पनि बालविवाह हुन खोज्नुले राम्रो संकेत गर्दैन । बालमैत्री घोषणाका लागि उपमहानगरपालिकाले नै बालश्रम र बालविवाहको समस्यालाई मुख्य चुनौती मानेको छ । हेटौंडामा बाहिरी जिल्लाबाट आएर श्रममा संलग्न हुने बालबालिका पनि उल्लेख्य पाइएको र बालविवाह हुने क्रम नरोकिएको अवस्थामा हतारमा बालमैत्री घोषणा गर्नुको औचित्य हुँदैन । बालमैत्री घोषणाका लागि चुनौती बनेको यस्ता समस्या अन्त्यलाई पहिलो प्राथमिकतामा राखिनुपर्छ । कागजी दस्तावेजमात्र तयार गरेर हतारमा बालमैत्री घोषणा गरेर आलोचित हुनुभन्दा पर्याप्त तयारी र सबै सूचक वास्तविकरुपमै पूरा भएपछि बालमैत्री घोषणा गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : माता तथा वाहनादिमा आघात आइपर्ला ।
**वृष** : घरेलु समस्यामा कमी आउने योग छ ।
**मिथुन** : सामाजिक कार्यबाट लाभप्राप्त हुन सक्छ ।
**कर्कट** : लाभ र खर्च दुवै हुन सक्ने योग ।
**सिंह** : धार्मिक कामबाट लाभ प्राप्त योग छ ।
**कन्या** : पढाइ–लेखाइ मध्यम रहने योग ।
**तुला** : प्राविधिक क्षेत्र सफल रहने समय योग छ ।
**वृश्चिक** : शत्रुहरु परास्त रहने समय योग ।
**धनु** : पढाइ–लेखाइ मध्यम फलदायी होला ।
**मकर** : धार्मिक कामबाट लाभ प्राप्त योग ।
**कुम्भ** : सामाजिक काममा सरिक भइएला ।
**मीन** : लेखाइ–पढाइ मध्यम फलदायी रहला ।

# लघुवित्तबाट कर्जासँगै वित्तीय ज्ञान नजाँदा समस्या भयो



चोलाराज शर्मा जोशी

लघुवित्तहरूले वित्तीय साक्षरतामा बढी भूमिका खेल्नुपर्ने थियो, जुन हुन सकेन । ऋणीलाई वित्तीय सीप पनि दिनसकेको भए कर्जा सदुपयोग हुन्थ्यो । त्यसैले अहिलेको समस्याको प्रमुख दुई कारण भनेको राष्ट्र बैंकको नीतिगत व्यवस्था र लघुवित्त कार्यक्रमको मर्म बाहिर जाने कमजोरी हो ।

अहिले लघुवित्त कार्यक्रम समस्याग्रस्त देखिनुको कारण भनेको नेपाल राष्ट्र बैंकको नीतिगत त्रुटि हो । राष्ट्र बैंकले आवश्यकताभन्दा धेरैलाई लाइसेन्स वितरण गर्दा एउटै ठाउँमा धेरै लघुवित्तको भीडभाड भयो । यस्तो अवस्थामा नाफा कमाउन अस्वस्थ प्रतिस्पर्धा चल्यो । लघुवित्त संस्थाहरू लघुवित्त कार्यक्रमको मूल्य-मान्यता विपरीत जान थाले ।

सानो ठाउँमा धेरै लघुवित्त थुप्रिंदा ऋणीको क्षमता र व्यवसायको आवश्यकताभन्दा बढी कर्जा लगानी हुनपुग्यो । संस्थाहरू ऋणीको क्षमता विकास र वित्तीय साक्षरतामा ध्यानै नदिई कर्जा लगानीमा केन्द्रित भए । कर्जा केको लागि लिने ? व्यवसाय अगाडि बढाउन के कुरामा ध्यान दिनुपर्छ ? कस्ता समस्या आउन सक्छन् ? भन्ने ज्ञान ऋणीलाई भएन । वित्तीय ज्ञानमा नभई कर्जा परिचालनमा मात्र ध्यान दिंदा समस्या आएको हो ।

कोभिड-१९ महामारीमा बन्दाबन्दी सुरु भएपछि ऋणीहरूलाई समस्या भयो । व्यापार-व्यवसाय, रोजीरोटीको पेशा ठप्प हुँदा घरमै बसेर खानुपर्ने बाध्यता सिर्जना भयो । त्यसले अतिरिक्त व्ययभार थपियो । अर्थतन्त्रको बाह्य क्षेत्रमा समस्या, तरलता अभावलगायत कारणले आर्थिक मन्दी र उद्यम-व्यवसायमा संकुचन आयो । त्योसँगै महँगी बढ्दा नागरिकको क्रयशक्ति झन् कमजोर बन्यो । ऋणीले ऋण तिर्न नसक्ने भयो ।

कोभिडपछि नागरिकमा यो समस्या आउनेवाला नै थियो । यसलाई अलिपछि धकेलेको लघुवित्तकै कारणले हो । लघुवित्तहरूले नराम्रो मात्र गरेका छैनन् । लघुवित्त कार्यक्रम लागू हुनुअघि अवस्था के थियो भन्ने पनि हेर्नुपर्छ । त्यसबेला गरिबले आत्मसम्मानका साथ कर्जा पाउँदैनथे । साहु-महाजनकहाँ रोएर, भीख मागे जसरी ऋण माग्नुपर्थ्यो । साहु-महाजनले 'दया गर्दै' सयकडा ४ रुपैयाँ ब्याजमा ऋण दिन्थे ।

कतिपय लघुवित्तले मूल्यमान्यता विपरीत छिटो नाफा बटुल्न कर्जा लगानीमा जोड दिंदा लघुवित्त कार्यक्रममा समस्या आएको हो । ग्राहक सुरक्षणको साथै ऋणीलाई तालिम दिने, आवश्यकता हेरेर थोरै-थोरै कर्जा दिने, विस्तारै सक्षम बनाएर अगाडि बढाउने, दोहोरो-तेहरो कर्जा रोक्ने गरेको भए अहिले समस्या आउने थिएन । एउटै ऋणीलाई एकभन्दा बढी संस्थाले कर्जा दिएका छन् ।

छिमेक लघुवित्तले सुरुबाटै सदस्य ग्राहकलाई विभिन्न प्रोत्साहन दिने गरेको छ । ऋण पनि ग्राहकको आवश्यकता हेरेर, राष्ट्र बैंकले तोकेको सीमाभित्र लगानी गर्दै आएको छ । एक मात्र संस्थामा आवद्ध ग्राहकको मूल्यांकन गरेर, व्यवसाय हेरेर कर्जा लगानी गर्ने लघुवित्त संस्थालाई अहिले पनि समस्या छैन । लघुवित्तहरूले वित्तीय साक्षरतामा बढी भूमिका खेल्नुपर्ने थियो, जुन हुन सकेन । ऋणीलाई वित्तीय सीप पनि दिनसकेको भए कर्जा सदुपयोग हुन्थ्यो । त्यसैले अहिलेको समस्याको प्रमुख दुई कारण भनेको राष्ट्र बैंकको नीतिगत व्यवस्था र लघुवित्त कार्यक्रमको मर्म बाहिर जाने कमजोरी हो ।

हाल नेपालमा रहेका ६४ लघुवित्त संस्थामध्ये खुद्रा कर्जा कारोबार गर्ने ६० वटा छन् । एकै ठाउँमा १०-१२ वटा संस्थाले काम गरिरहेका छन् । कुनै ठाउँमा अझै बढी पनि होलान् ।

अहिले कतै बचत फिर्ता नभएको कुरा आइरहेका छन् । कतिपय दीर्घकालीन बचत भएकोले फिर्ता गर्न मिलेको छैन । बचत फिर्ता आ-आफ्नो संस्थाको विषय हो । लघुवित्तले ऋणीसँग स्वेच्छिक बचत राख्न सक्छ, तर यति ऋण दिंदा यति बचतमा राख्नैपर्छ भन्न मिल्दैन । ऋण नतिरे बचतबाट असुल्ने नियतले बढी कर्जा दिएर त्यसबाट बचतमा राख्न लगाउनु गलत हो ।

मैले माथि पनि भनें, लघुवित्त संस्थाहरूले राम्रो केही गरेनन् भन्ने होइन । राम्रो परियोजना भएका ऋणीले गाउँगाउँमा लघुवित्तको टेबल ठोकेर आत्मसम्मानका साथ ऋण लिने अवस्था छ । कसैलाई जी-हजुर भन्नु पर्दैन । यस्तो सामाजिक परिवर्तन ल्याएको लघुवित्त कार्यक्रमले नै हो ।

गैरसरकारी संस्थाको रूपमा प्रवर्द्धन भएर सामाजिक भावनाबाट आएका संस्थामा अहिले पनि लघुवित्तको सिद्धान्त र ग्राहक संरक्षणमा त्यति कमजोरी छैन ।

**समाधानका लागि के गर्ने ?**


राष्ट्र बैंकले बुधबार जारी गरेको लघुवित्त संस्था सम्बन्धी एकीकृत निर्देशनले हालको समस्या समाधान गर्न सक्छ । तत्कालको लागि भने यसले केही चुनौती पनि थपेको छ । अब एउटा मात्र संस्थाबाट ऋण दिने निर्देशन छ । एउटा संस्थाको ८-१० हजार ऋण रहेसम्म अर्को संस्थाले लगानी गर्न नपाउने नियमले ऋणीको कर्जा तिर्ने क्षमता नबढ्ने देखिन्छ । १७-१८ संस्थाबाट थोरै-थोरै ऋण लिएका ऋणीले सबै ऋण चुक्ता नगर्दासम्म ७ लाखको सीमा भए पनि थप ऋण नपाउने अवस्था देखिएको छ ।

७ लाखको सीमाभन्दा बढी कर्जा नदिने गरी कति वटा संस्था हो तोकेर व्यवस्थापन गर्नुपर्ने थियो । एक मात्र संस्था नभनेर एक वर्षको समय दिएर विस्तारै १-२ वटा संस्थाबाट सेवा लिने वातावरण तयार गरेको भए ऋणीलाई सहज हुनेथियो । ग्राहकको क्षमताभन्दा बढी कर्जा नजाने अवस्था सिर्जना भए समस्या स्वतः समाधान हुन्छ ।

*(छिमेक लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत जोशीसँग अनलाइनखबरका विजय पराजुलीले गरेको कुराकानीमा आधारित)*

**(स्रोतः अनलाईनखबर)**

# परदेशीको पीडा !



**कल्पना श्रेष्ठ**

*बिछोडको करौतीले काट्नु मनै काट्यो*
*जाँदाजाँदै मूल बाटोको दुइटा बाटो फाट्यो*
*एउटा बाटो परदेश, अर्को घरदेश*
*परदेशी र घरदेशीको कहिले होला भेट ?*

कहिलेकाहीँ लाग्छ गीत पनि गायकले मलाई नै देखेर गाएजस्तो, मेरै पीडा समेटिदिएको जस्तो। हुन पनि सक्छ कुनै दुःख अनि पीडा धेरै मानिसले समान किसिमले भोगिरहेका हुन्छन् । त्यो एउटै भोगाइ परदेशीको कथा । जुन आफूले भोगिन्छ, सामना गरिन्छ, महसुस गरिन्छ अनि थाहा हुने रहेछ ।

नेपाल हुँदा लाग्थ्यो ओहो ! विदेश जानेलाई मोज छ । टन्न पैसा कमाएको छ, राम्रो ठाउँ घुमेको छ, मिठो खाएको छ, राम्रो लगाएको छ । आहा ! सबै भनेको जस्तै जिन्दगी बिताएको छ । यस्तो भए पो हुन्थ्यो भनेर सोच्ने म पनि एक पात्र हुँ ।

यही सोचाइले मन परिवर्तन भएर परदेशिने सोच धेरै वर्ष अगाडि बनाएकै हो । तर समयको अन्तरालपछि आफ्नो परिपक्वता, आफ्नो जिम्मेवारी पूरा गर्ने एउटा कर्तव्य आयो र परदेशिने विकल्प नभएर प्राथमिकतामा पर्यो। अनि विदेश जाने आँट गरियो ।

स्नातकोत्तर उत्तीर्ण गर्दा जति खुसी थिएँ, त्योभन्दा बढी खुसी पासपोर्टमा भिसा लाग्दा थिएँ । किन भनेर भन्नेतर्फ मोडिन चाहिनँ ।

अब सुरु हुन्छन् वास्तविक जिन्दगी । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आउनेहरू खुसी हुने, जानेहरू रुँदै जाने ठाउँ । मन बलियो बनाएर अघि बढ्नु पर्ने ठाउँ । नाडीमा बल भएका युवावर्ग रोजगारीको लागि पराई भूमिमा प्रस्थान गर्ने ठाउँ ।

जब जहाज उड्छ तब सबैको माया मनमा राखेर आफ्नो जन्मभूमिलाई चाँडै आउँछु भन्दै वाचा राखेर जहाजसँगै उडिन्छ बिरानो देशमा ।

जहाजबाट ओर्लिएपछिको म अब 'म' नभएर एउटा बेचिनको लागि राखिएको सामान हुँ । अब मलाई कसैले किनेर लग्दैछ । त्यहाँ मजस्ता हजारौंको हुल छ जो हट्टाकट्टा ज्यान भएको पहाडै फोर्न सक्ने हिम्मत छ, स्वस्थ छ ।

यी नै विशेषता भएका दक्ष मानिसको क्रमबद्ध रुपमा लाइन राखिएको छ । मलिन अनुहारमा सबैको वेदना उस्तै छ । कता जाने, के खाने, के बोल्ने सबै अलमल्ल देखिन्छन् । जो जतिसुकै स्मार्ट भए पनि नौलो ठाउँमा नौलो नै भइन्छ । नेपालको दैनिकी र विदेशको दैनिकीमा आकाश पतालको फरक हुन्छ । घरमा हुँदा बुवाआमा वा परिवारको कुनै सदस्यको बोलीले झसङ्ग हुने गरी कराउँदै उठाउनु हुन्थ्यो । जे छ खाना खाजा आमाले तयार गर्दिनु हुन्थ्यो । काम भनेको गरे नि भयो नगरे पनि । आमा सक्दिनँ भने नि भयो, पछि गरौंला भने नि भयो । म थाकेँ भने नि भयो, मलाई भोक लाग्यो भने नि भयो । जे कुरामा पनि छुट पाइन्थ्यो। तर अब विदेशमा सबै आफैले जानेर गर्नुपर्छ । कति बजे उठ्ने, खाना के पकाएर लाने, कति बेला काममा जाने अब सबका सब आफै गर्नुपर्छ ।

अब समयको खुब पालना गर्नुपर्छ, सके पनि नसके पनि अह्राएको काम गर्नैपर्छ । न गर्मी भन्न पाइयो न जाडो भन्न पाइयो । न थाकेँ भन्न पाइयो, न भोक लाग्यो भन्न पाइयो । यी सबै अप्ठ्यारोलाई सामाना गर्नैपर्छ । यहाँ केही कुराको छुट नै नहुने ।

कोठामा आइपुगेपछि दिनभरिको थकानले आफ्नो शरीर आफ्नो जस्तै लाग्दैन । खाना पकायो, खायो, एकछिन मोबाइल हेर्यो, सुत्यो । भोलि त फेरि काममा जानु नै छ । यसैगरी दिन बित्दै गए । अझै कति बिताउनु पर्ने हो ?

सबै चिज आफ्नै आँखा अगाडि हुँदा खासै महत्व नहुने रहेछ । जब त्यो चिजबाट टाढा भइन्छ अनि खुब अभाव खड्किने रहेछ । घरपरिवार, मायालुको माया, आफन्तजन, साथीसँग बिताएका पल, चाडपर्व, गाउँघर, उकाली ओराली । ओहो ! मन उतै पुग्छ । लाग्छ शरीर मात्र यहाँ छ । यस्तै यादले पनि परदेशीलाई खुबै सताउँछ ।

जतिसुकै विकसित र आफूले आफैलाई सम्पन्न ठान्ने देशमा दिन कटाए पनि मुटुभरिको माया अनि चिन्ता आफ्नै जन्मभूमिको लाग्छ । मेरो देशको कहिले आर्थिक उन्नति होला ? कहिले सक्षम नेतृत्वकर्ता पाउला ? दक्ष जनशक्तिले कहिले आफ्नै देशमा रोजगारी पाउला ? गरिब दुखीले कहिले सुख पाउँछन होला ? अन्यायमा परेकाले कहिले न्याय पाउलान् ? मेरो देश तिमीले कहिले शान्तिको सास फेर्न पाउछौ होला ?

तिमीले मलाई दिएका छौ, सबैका सामु म नेपाली हुँ भन्न पाएकी छु । बरु निर्दयी म पो छु, केही गर्न सक्ने आँट भएको म अरुको भूमिलाई उर्वर बनाएर बसेकी छु । तर मेरो यो रहर भने कदापि हैन । मेरो देश म आउँछु तिम्रै सेवा गर्न केही वर्षपछि । मेरो देश तिमीलाई मुरीका मुरी माया। मजस्तै लाखौं परदेशीको तर्फबाट ।

परदेशीलाई सबैभन्दा बढी पीडा आफ्नाले नै दिन्छन् । फलानो त ठूलो भयो, पैसा कमाउन थाल्यो अब के हामीलाई सम्झिन्थ्यो ? कमाइ कति छ ? जग्गा कता किनियो ? घर कहिले बनाउने ? मलाई फोन कहिले पठाइदिने ? अलिअलि ऋण हाल्दिने हैन ? लाग्छ उहाँहरूसँग प्रश्नको खानी छ तर मेरो उत्तर सुन्ने चाहना र समय छैन । यस्ता कुरा पनि सबै परदेशीसँग मेल खान जान्छ ।

सबैको मायाले उत्साह र हौसलाले बिरानो भूमिमा समय बिताएको मान्छेलाई तपाईंले पनि एक कल फोन गरेर सम्झिनूस् । कहिलेकसो उनीहरूको दुःख, पीडा पनि सुनिदिने गर्नूस् । कमाएर बचत गर्नुपर्छ, सही ठाउँमा लगानी गर्नुपर्छ भनेर उत्साह दिनूस् । सकारात्मक कार्यप्रति प्रेरित गराइदिनूस् । प्रिय परिवार, आफन्त, साथीभाइसँग यो कुराको अपेक्षा राखेका हुन्छौं मजस्ता लाखौं परदेशीले ।

**(स्रोतः सेतोपाटी)**

# "उपभोक्ताको सामुदायिक अधिकार संरक्षणका लागि बोल्दै आएका छौं"

सामुदायिक वन उपभोक्ता समूह २०५० को दशकबाट सुरु भएको नागरिक आन्दोलन र अभियानको एउटा महत्वपूर्ण मञ्च हो । वन संरक्षणको उद्देश्यबाट सुरु भएको अभियानले नेपाली समाजको बहुपक्षीय सुधारको पक्षमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । सामुदायिक वन उपभोक्ता महासंघ यतिबेला महाधिवेशनको तयारीस्वरुप फागुन ८ र ९ गते हेटौंडामा राष्ट्रिय समितिको बैठक समेत सम्पन्न भएको छ । राष्ट्रिय समितिको बैठक, महाधिवेशनको तयारी र वन क्षेत्रका वर्तमान अवस्थाका बारेमा समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले सामुदायिक वन उपभोक्ता महासंघकी अध्यक्ष भारती पाठकसँग गर्नुभएको कुराकानी?



भारती पाठक, अध्यक्ष
सामुदायिक वन उपभोक्ता महासंघ नेपाल

समाजः केन्द्रीय समितिको बैठक फागुन ८ र ९ गते हेटौंडामा सम्पन्न भइसकेको छ, तपाईहरुको यस बैठकका एजेन्डा र निष्कर्ष के रहेको थियो ?

**पाठक**: सामुदायिक वन उपभोक्ता महासंघ नेपालको बैठक घुम्तीरुपमा हुन्छ । प्रत्येक वर्ष ३ वटा बैठक हुन्छ । हेटौंडामा सम्पन्न भएको बैठक यसै घुम्ती बैठकअन्तर्गत्कै नवौं बैठक हो । स्थानीय, प्रदेश र संघ गरी तीनवटै तहका निर्वाचन सकेपछि दलहरुले घोषणापत्रमा समावेश गरेका सामुदायिक वनका अधिकारसम्बन्धी मुद्दाहरुको समीक्षा गर्नु नै यो बैठकको मुख्य एजेण्डा रहेको थियो । यो बैठकले सरकारमा पुगेका दलहरुले सामुदायिक अधिकारको विषयमा जुन कुरा घोषणापत्रमा समेटिएको थियो, त्यसलाई कार्यान्वयन गर्नका लागि दलहरुसँग छलफल गरी राष्ट्रिय कार्यसमितिको बैठकबाट वृहत् समीक्षा गरी अगाडि बढ्ने निर्णय गऱ्यौं ।

समाजः वन ऐन २०७६ मा तपाईहरुले ड्राफ्ट गरेर पठाएको नियमावलीभन्दा के के फरक पाउनुभयो ?

**पाठक**: वन ऐन २०७६ बनाउने क्रममा हामीले ड्राफ्ट गरेर पठाएको नियमावलीभन्दा राजपत्रमा प्रकाशित हुने बेलामा ठिक उल्टो निस्क्यो । वन ऐनले सामुदायिक वनलाई स्वायत्त भनेको छ । वन ऐनमा सामुदायिक वनको आम्दानीको पच्चीस प्रतिशत वन विकासमा, पचास प्रतिशत उद्यमशीलता र महिला सशक्तिकरणमा र पच्चीस प्रतिशत सामाजिक सेवामा गरी तीन ठाउँमा सामुदायिक वनले खर्च गर्ने भनेर लेखेको छ । तर नियमावलीमा फेरि पचास प्रतिशत जिल्ला वन पैदावार आपूर्ति समितिलाई बुझाउनुपर्ने बाध्यकारी अवस्था सिर्जना गरेको छ । त्यतिमात्रै नभई राष्ट्रिय वनको भागचाहिँ पचास हेक्टरसम्म निजी कम्पनी तथा निजी संस्थालाई दिन सकिन्छ भन्ने प्रावधान राखेको छ । त्यो भनेको चाहिँ सिङ्गो वन क्षेत्रलाई निजीकरण गर्न खोज्नु हो, जसले गर्दा उपभोक्ताले त्यस वनबाट प्राप्त हुने लाभबाट बञ्चित हुने देखिन्छ । यस्तै हामीले रणनीति बनाउने बेलामा जलवायु परिवर्तनका नाममा समुदायले वन संरक्षण गरेवापत् प्राप्त हुने स्रोतको ८० प्रतिशतचाहिँ वन संरक्षण गर्ने समुदायले पाउनुपर्छ भनेर ऐनले व्यवस्था गरेको थियो, तर नियमावलीले लाभको बाँडफाँडको विषयमा यसको उल्टो गरिदियो । सामुदायिक वनको अध्यक्ष वा सचिवमध्ये एउटा पदमा महिला बन्ने प्रावधान रहेको थियो, तर त्यसलाई उल्टाएर महिलालाई कमजोर खालको जिम्मेवारी दिने व्यवस्था गरेको छ ।

समाजः राष्ट्रिय महाधिवेशनको सन्दर्भमा के-के निर्णय गर्नुभयो ?

**पाठक**: हामी अधिवेशन फागुनको २० गतेबाट गर्नका लागि तयारीमा लागिरहेका छौं । फागुन १९ गतेसम्म हाम्रो सांगठनिक गतिविधिहरु जस्तैः जिल्ला, स्थानीय र प्रदेशको बैठकहरु र समुह नवीकरण गर्नेछौं । २० गतेदेखि प्रदेशको नेतृत्वमा स्थानीय र जिल्लाहरुले अधिवेशनको मिति तोक्नेछ । स्थानीय तहको अधिवेशन गराउने जिम्मा प्रदेश र जिल्लाको हो । त्यसपछि जिल्लाको अधिवेशन हुन्छ । जिल्ला अधिवेशन सकेपछि भने प्रदेश अधिवेशन हुन्छ । र, अन्त्यमा राष्ट्रिय महाधिवेशन जेठको ९, १० र ११ गते हुन्छ ।

समाजः जंगली जनावरहरुको आक्रमणलाई कसरी नियन्त्रण गर्न सकिन्छ ?

**पाठक**: यो समस्या संघीय संसदमा बहसको विषय हो । माननीय सदस्यहरुसँग हामी स्थानीय जनताको दुःखद् विषयमा छलफल गर्दैछौं । नयाँ र पुराना सांसदहरुसँग स्थलगत अध्ययनमा जानेछौं । स्थानीय जनताहरुको यथार्थ समस्याको बारेमा छलफल गरी राष्ट्रिय निकुञ्ज ऐन २०२९ समयानुकूल हुनेगरी संशोधन गर्नेछौं । वा हामीले नयाँ निकुञ्ज ऐन बनाउने छौं ।

समाजः सामुदायिक वन उपभोक्ता महासंघजस्तो शक्तिशाली संगठन हुँदा पनि सरकारले नसुनेको हो कि तपाईहरुले दबाव दिन नसकेको हो ?

**पाठक**: अन्तर्राष्ट्रियस्तरको साझेदार संस्थाहरुको प्रभावले गर्दा यहाँ स्थानीयको अवस्था के हो, कस्तो हो, जनताको आवश्यकता के हो भन्ने नबुझी लगानी गर्ने गरेको छ । जसले गर्दा स्थानीय जनताहरु वनबाट पाउनुपर्ने लाभबाट वञ्चित भएका छन् । त्यसकारण हामीले पटक-पटक वनजंगलसँग स्थानीय जनताको जीवनलाई जोडेर सरकारले हेर्नुपर्छ भन्दै आवाज उठाउँदै आएका छौं । हामीले व्यक्तिगत स्वार्थका लागि नभई उपभोक्ताको सामुदायिक अधिकार संरक्षणका लागि बोल्दै आएका छौं ।

# मन्त्री श्रेष्ठद्वारा भीमफेदी कारागार अनुगमन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले मकवानपुरको भीमफेदी कारागारको अनुगमन गर्नुभएको छ । मंगलबार मन्त्री श्रेष्ठले कारागारको अनुगमन गर्नुभएको कारागार प्रशासनले जानकारी दिएको छ ।

कारागार प्रशासन दिएको जानकारीअनुसार कारागारभित्र रहेका समस्या समाधान गर्न प्रदेश सरकारले पूर्णरुपमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । मन्त्री श्रेष्ठले कारागारका समस्या समस्या समाधान गर्न आफूले पनि पहल गर्ने बताउनुभयो ।

कारागार आपराधिक गतिविधिमा संलग्नहरुलाई राख्ने ठाउँ भए पनि घरजस्तै हुनुपर्ने मन्त्री श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो– 'कारागार अपराधी बस्ने ठाउँमात्र नभई सुधारगृहका रुपमा विकास गरिनुपर्छ । यहाँबाट निस्किने मानिस समाजमा सम्मानजनक ढंगबाट पुनर्स्थापित हुनसक्ने गरी बाहिरिनुपर्छ ।' उहाँले कारागारलाई आर्थिक उपार्जन गर्नसक्ने र ज्ञान सिक्ने थलोको रुपमा विकास गर्न जरुरी रहेको औंल्याउनुभयो ।

मन्त्री श्रेष्ठले कारागारमा रहेका एक हजारभन्दा बढी कैदीबन्दीहरुको मलमूत्र उचित व्यवस्थापन गर्न सहयोग गर्ने बताउनुभयो । उहाँले कारागारको शौचालयबाट निस्कने मलमूत्रलाई खुला रुपमा व्यवस्थापन गर्दा वातावरणीय समस्या हुने भन्दै तत्काल मलमूत्र व्यवस्थापनका लागि बैकल्पिक ऊर्जा (बायो ग्यास) प्लान्ट स्थापनाका लागि प्रदेश सरकारको आर्थिक सहयोगमा दीर्घकालीन समाधान गर्ने बताउनुभयो ।

कारागारमा रहेका बन्दीहरुलाई ओसारपसार गर्न समस्या रहेकाले सवारी साधन, आवश्यक पर्ने इन्धन र मर्मत खर्च व्यवस्थाका लागि पहल गर्ने र हाल पाउँदै आएको स्वास्थ्य उपचारको कोषलाई बढाउन पहल गर्ने उहाँको भनाई छ । मन्त्री श्रेष्ठले कारागारमा रहेका कैदीबन्दीलाई आयआर्जनमा लाग्न उत्प्रेरित गर्नेगरी सीपमूलक तालिम दिनुका साथै उनीहरुले उत्पादन गरेका वस्तुको बजारीकरणको जिम्म प्रदेश सरकारले लिने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

मन्त्री श्रेष्ठले कारागार सुरक्षार्थ खटिएका करिब ६० जना सुरक्षाकर्मीहरुको लागि आवासको उचित व्यवस्थापनको लागि समेत प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बजेट विनियोजन गर्ने बताउनुभयो । ११५० जनाको क्षमता रहेको भीमफेदी कारागारमा ९ सय ८० पुरुष, २० महिला र १ आश्रित गरी १ हजार १ जना कैदीबन्दी र एकजना आश्रित नावालक रहेको कारागारका निमित्त प्रमुख मदन लामा थिङले जानकारी दिनुभयो । कारागारमा रहेकामध्ये ६२ जना बिदेशी नागरिक छन् । उहाँले मन्त्री श्रेष्ठलाई कारागारको वस्तुस्थितिबारे जानकारी गराउनुभयो ।

निमित्त प्रमुख थिङले कारागारमा कैदीबन्दीलाई अध्ययन गर्न थप पुस्तक तथा पत्रपत्रिकाको व्यवस्था, कैदीबन्दीले उत्पादन गरेका वस्तुको बजारीकरणमा सहयोग, सीपमूलक तालिम, दैनिक निस्कने फोहर तथा शौचालयको फोहर व्यवस्थापन, सवारी साधनसहित आवश्यक इन्धन र कैदीबन्दीको उपचार कोषमा रकम वृद्धि गर्नुपर्नेलगायत माग गर्नुभएको छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०७९ साल फाल्गुन १५ गतेका दिन हेटौंडा–१६ (साविक हटिया–७) बस्ने निरज बजगाईको नाममा रहेको बा.प्र. ०३–००५ प ९७० नम्बरको कालो रङ्गको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A13EX1MCD88625, इन्जिन नम्बर DKXCMD08661) हेटौंडा–४, बैंक अफ काठमाडौंको भवनबाट हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सुचना प्रकाशित गरिन्छ ।

**सम्पर्क:९८५५०१७७७१**

# ब्रम्हदिक्का विद्यार्थीद्वारा शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कमलडाँडास्थित ब्रह्मदिक् एकेडेमीमा ९ कक्षामा अध्ययनरत विद्यार्थीले मनहरी गाउँपालिका-१, चकरी भोर्लेटाँडीस्थित प्राथमिक विद्यालयका ९० जना विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ । कक्षा १ देखि ५ कक्षासम्मका विद्यार्थीलाई करिब एक लाख रुपैयाँ बराबरको शैक्षिक सामग्री हस्तान्तरण गरिएको ब्रह्मदिक् एकेडेमीका प्रिन्सीपल रामबाबु सापकोटाले जानकारी दिनुभएको छ । विद्यार्थीसँगै ब्रह्मदिक एकेडेमीका सञ्चालकद्वय भोलाप्रसाद शिवाकोटी र माधवप्रसाद आचार्यको पनि उपस्थिति रहेको थियो ।

सामाजिक शिक्षा विषय अन्तर्गत विद्यार्थीको समाजसँग अन्तरघुलन हुन सके भविष्यमा समाजलाई राम्ररी बुझ्न सक्ने भावी नागरिक तयार हुने उद्देश्यले सहयोग कार्यक्रम आयोजना गरिएको विद्यालयकी सहायक प्रिन्सीपल अर्चना दाहालले जानकारी दिनुभयो । विद्यार्थीले आफ्नो खाजा खर्च कटाएर बचत गरेको रकममा विद्यालयले पनि केही रकम योगदान गरी शैक्षिक सामग्री सहयोग गरिएको बताइएको छ । सहयोग हस्तान्तरण कार्यक्रममा प्राथमिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापकको पनि उपस्थिति रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

Bagamati Province Government
Ministry of Water Supply, Energy & Irrigation
Water Supply & Sanitation Division No. 1, Makwanpur

## Invitation for Bids

*Date of Publication: 2079-11-17 (2023 March 01)*

1. **Water Supply & Sanitation Division No. 1, Makwanpur (WSSD1 Makwanpur) invites following bid.**

| S. N. | Contract Identification Number | Description of Work | Estimated Amount with VAT (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity / Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | WORKS/SQ/09/079/80/ WSSD1/Makwanpur | Supply and Installation of Electrical нtems & accessories 19,98,957.57 | 50,000.00 | 45 days / | 75 days | 1,000.00 | Sealed Quotation |

2. **Submission & Opening Dates:**

| S.N. | Contract Identification Number | Last Date of Submission | Date of Opening |
|---|---|---|---|
| 1 | WORKS/SQ/09/079/80/WSSD1/ Makwanpur | 2079-12-02 (2023 March 16) 12:00 Noon | 2079-12-02 (2023 March 16) at 13:00 hours |

3. **Bank Details**

| Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to Deposit Cash For the Bid Security |
|---|---|
| Rastriya Banijya Bank Ltd, Hetauda, Makwanpur;<br>Office Code Number: 3130232013;<br>**Revenue Account Number: 1000200010000;**<br>Rajaswa (Revenue) Sirshak No: 14229 | Rastriya Banijya Bank Ltd, Hetauda Makwanpur;<br>Office Code Number: 3130232013;<br>Account Name: Pra. Le. Ni. Ka. Dharauti Khata;<br>Deposit Account Number: 1300100202030000 |

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division No. 1, Hetauda, Makwanpur. Email ID: pr3wssd1@gmail.com Phone no.: 057-520726

5. A complete set of Bidding Documents may be purchased from the office Water Supply & Sanitation Division No. 1, Hetauda, Makwanpur by eligible Bidders on the submission of a written application, along with the copy of Company/Firm Registration Certificate, VAT Registration Certificate & Tax Clearance Certificate of F/Y 2078/079 and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2079/12/02 (2023 March 15) during office hours.

6. Sealed bids must be submitted to the office Water Supply & Sanitation Division No. 1, Hetauda, Makwanpur by hand before 12:00 noon on 2079/12/02 ( 2023 March 16). Bids received after this deadline will be rejected.

7. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be consider as the last date. In such case the validity period of Bid Security shall remain the same as prescribed for the original last date of bid submission.

8. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement regulations, 2064 and other prevailing Rules and Regulations.

Division Chief

# भलिबल कोर्टमा प्यारापिट र चेन्जिङ रुम



*हुप्रचौरस्थित भलिबल कोर्टमा प्यारपिट निर्माण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडाको हुप्रचौरस्थित भलिबल कोर्टमा प्यारापिट र चेन्जिङ रुम निर्माण हुँदैछ । हेटौंडा उपमहानगर पालिकाको १५ लाख रुपैयाँ बजेटबाट प्यारापिट र चेन्जिङ रुम बनाउन लागिएको मकवानपुर जिल्ला भलिबल संघका अध्यक्ष बसन्त कुमार सिटौलाले जानकारी दिनुभएको छ ।

फागुन महिना लागेसँगै निर्माण गर्न सुरु गरिएको प्यारापिट र चेन्जिङ रुम फागुन अन्तिमसम्ममा पूरा हुने अध्यक्ष सिटौला बताउनुहुन्छ । उपभोक्ता समितिमार्फत निर्माण भइरहेको प्यारापिटमा ४ सय दर्शकले बसेर भलिबल खेलको अवलोकन गर्न सक्नेछ । प्यारापिट निर्माणको कार्य सकिएपछि भलिबल कोर्टको पनि स्तरीकरण गरिने मकवानपुर जिल्ला भलिबल संघका महासचिव सन्तोष श्रेष्ठले जानकारी दिनुभयो ।

प्यारापिट निर्माण भएपछि दर्शकले सहजरुपमा खेल हेर्न सक्नेछन् । दर्शकको सहजताले उपस्थिति बढ्ने र खेलमा उत्साह थपिने अध्यक्ष सिटौलाको भनाइ छ । मकवानपुर जिल्ला भलिबल खेलका लागि उर्वर मानिन्छ । प्यारापिट र चेन्जिङ रुमसहित भलिबल कोर्टको स्तरीकरणसँगै मकवानपुर जिल्ला भलिबल संघ राष्ट्रिय महिला तथा पुरुष भलिबल आयोजना गर्ने तयारीमा रहेको छ ।

भलिबल प्रतियोगिता आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाले १५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । भलिबल प्रतियोगिता आयोजनाका लागि आवश्यक तयारी पनि थालेको जानकारी गराउनुहुँदै अध्यक्ष सिटौलाले भन्नुभयो, "हामी पुरुष र महिला राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना गर्छौं । यस पटक हेटौंडा उपमहानगरपालिकाले राम्रो बजेट विनियोजन गरेको छ । केही अपुग बजेट हामी जुटाएर प्रतियोगिता आयोजना गर्छौं ।" गत वर्ष हेटौंडा उपमहानगर पालिकाले नै उपलब्ध गराएको २५ लाख रुपैयाँ बजेटबाट भलिबल कोर्टको घेराबार लगाउने कार्य र प्यारापिटको बेस निर्माण गर्ने कार्य गरिएको थियो ।

# पेशागत महासंघमा श्रीराम दाहाल



समाज संवाददाता

हेटौंडाः विभिन्न पेशामा रहेका व्यक्तिहरुको संगठन पेशागत महासंघ नेपालको मकवानपुर जिल्ला समितिको अध्यक्षमा श्रीराम दाहाल चयन हुनुभएको छ । शनिबार हेटौंडामा भएको पाँचौं जिल्ला अधिवेशनबाट सर्वसम्मतरुपमा दाहाल नेतृत्वको समिति गठन भएको हो ।

महासंघको उपाध्यक्षमा सम्झना शाही र सञ्जीव सुवेदी, सचिवमा किशोर पराजुली, सहसचिवमा हरि खड्का, कोषाध्यक्षमा प्रमिला पौडेल चयन हुनुभएको छ । यस्तै सदस्यमा रामकुमार बर्तौला, श्याम पौडेल, विवेक कार्की, सुरेश कुमार स्याङ्बो, प्रमिला केसी, सुजन खतिवडा र लक्ष्मी अधिकारी चयन हुनुभएको छ ।

अधिवेशनबाट केन्द्रीय प्रतिनिधिमा अकुरप्रसाद गौतम र सृजना पाठक चयन हुनुभएको सचिव किशोर पराजुलीले जानकारी दिनुभयो । अधिवेशनको उद्घाटन समारोह महासंघका निवर्तमान अध्यक्ष बरुणकुमार साहको अध्यक्षता तथा नेकपा एमालेका पोलिट्व्युरो सदस्य देवी ज्ञवालीको प्रमुख आतिथ्यमा भएको थियो । निर्वाचन समितिमा भोजराज ढकाल, लक्ष्मी गजुरेल र हेम पाठक रहनुभएको थियो ।

# चैत पहिलो साता अन्तरपालिका फुटबल

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा आगामी चैत पहिलो सातादेखि अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिता हुने भएको छ । दोस्रो संस्करणको प्रतियोगिताका लागि जिल्ला समन्वय समिति मकवानपुरले ७ लाख रुपैयाँ बजेट उपलब्ध गराएको छ ।

चैत ११ गतेसम्म हुने प्रतियोगिताको विजेता नगद २ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले नगद १० हजार रुपैयाँ प्राप्त गर्ने मकवानपुर जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा सहभागी हुने टिमको सदस्य खेलाडी सोही पालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ । विभागीय टिम र ए डिभिजन क्लबमा आवद्ध खेलाडीले खेल्न पाउने छैन भने ३० वर्षभन्दा कम उमेरका खेलाडी मात्रै सहभागी हुन पाउने छ । हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुने प्रतियोगितामा प्रवेश निशूल्क गरिने मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले जानकारी दिनुभएको छ ।

पुरस्कार राशी थप गर्नका लागि पालिकाहरुसँग पनि बजेट माग गर्ने योजना रहेको अध्यक्ष खड्गीले बताउनुभएको छ । जिल्ला समन्वय समितिले उपलब्ध गराउने बजेटबाट पुरस्कार वितरणमै करिब आधा बजेट खर्च हुने उल्लेख गर्नुहुँदै बाँकी रकमले अन्य व्यवस्थापकीय कार्य गर्नुपर्ने अध्यक्ष खड्गीले बताउनुभएको छ ।

# बकैयामा पालिकास्तरीय छात्रा फुटबल हुने

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा गाउँपालिकास्तरीय अन्तरविद्यालय छात्रा फुटबल प्रतियोगिता हुने भएको छ । यही फागुन २२ गतेदेखि २४ गतेसम्म प्रतियोगिता हुने बकैया गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले जानकारी दिनुभयो ।

होली तथा अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष लामाले बताउनुभयो । बकैया-३, हात्तीसुँडेस्थित बुद्ध माविको खेल मैदानमा प्रतियोगिता सञ्चालन हुनेछ । प्रतियोगितामा सहभागिता जनाउनका लागि शुक्रबारसम्म टिम दर्ता गर्नुपर्ने र शनिबार खेल तालिका सार्वजनिक गरिने जनाएको छ । छात्रा फुटबलका लागि महेन्द्र मावि, बुद्ध मावि, जनक मावि, कर्मप्राप्ती मावि र प्रभात माविको सहभागिता निश्चित भइसकेको छ । पालिकामा रहेका अन्य विद्यालय पनि सहभागी हुन सक्ने छन् ।

यस्तै शिक्षकहरुबीच पनि फुटबल प्रतियोगिताको आयोजना गरिनेछ । शिक्षकको खेलमा भने वडागत टिमको सहभागिता रहनेछ । शिक्षक तथा छात्रा दुवैतर्फका विजेता टिमले नगद १५ हजार रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले नगद १० हजार रुपैयाँ प्राप्त गर्नेछ । गाउँपालिकाले प्रतियोगिताका लागि २ लाख बजेट उपलब्ध गराएको छ । गत भदौमा गाउँपालिकाको खेलकुद विकास समितिको अध्यक्षमा नियुक्त भएपछि आफूले पालिकास्तरीय भलिबल, फुटबल प्रतियोगिता, राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता सफलतापूर्वक आयोजना गरिएको उल्लेख गर्नुहुँदै अध्यक्ष थिङले भन्नुभयो, "छिट्टै गाउँपालिकास्तरीय क्रिकेट प्रतियोगिता, व्याड्मिन्टन प्रतियोगिता, दौड प्रतियोगिता आयोजना गर्नेछौं । पालिकाको खेलकुदको विकासका लागि आवश्यक कार्य गर्नेछौं ।"

# आँखा शिविरमा ७३ जनामा मोतिविन्दु पहिचान



*निशूल्क आँखा शिविरमा आँखा परीक्षण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ मकवानपुरको आयोजनामा बारा र सिन्धुली जिल्लामा मंगलबार भएको निशूल्क आँखा शिविरमा ७३ जनामा मोतिविन्दु पहिचान भएको छ । बारा जिल्लाको हिमालीवासमा २ सय ४८ जनाको आँखा परीक्षण गर्दा ४८ जनामा मोतिबिन्दु पहिचान भएको छ भने सिन्धुली जिल्लामा भएको शिविरमा १ सय ४२ जनाको आँखा परीक्षण गर्दा २५ जनामा मोतिबिन्दु पहिचान भएको रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्णबहादुर कार्कीले जानकारी दिनुभएको छ ।

रोटरी क्लब अफ काठमाडौं मिड टाउनसँगको सहकार्यमा रोटरी क्लब अफ मकवानपुरले हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा निशूल्क आँखा शिविरको आयोजना गरेको हो । आँखा शिविरको आयोजनाका लागि रोट्र्याक्ट क्लब अफ मकवानपुरको पनि सहयोग रहेको छ । निशूल्क आँखा शिविरमा मोतिविन्दु पहिचान भएकाहरुलाई हेटौंडा सामुदायिक आँखा अस्पतालसम्म ल्याउने र उपचारपछि घर सम्म पुऱ्याउने व्यवस्था रोटरी क्लबले नै गर्नेछ । आँखाको मोतिबिन्दुको उपचार पनि निशूल्करुपमा हुनेछ ।

रोटरी क्लब अफ मकवानपुरकै आयोजनामा आज बुधबार पनि सर्लाही जिल्ला र सिन्धुली जिल्लामा निशूल्क आँखा शिविरको आयोजना हुँदैछ भने भोलि बिहीबार मकवानपुरको कैलाश गाउँपालिका-९, नामटार र रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकामा आँखा शिविरको आयोजना गरिँदैछ । शिविरमा मोतिबिन्दु पहिचान भएका विरामीको शुक्रबारदेखि शल्यक्रिया गर्न सुरु गरिने अध्यक्ष कार्कीले जानकारी दिनुभएको छ ।

# करेन्ट लागेर किशोरीको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका-३, गुम्बा याङ्सा मानेडाँडामा करेन्ट लागेर एक किशोरीको मृत्यु भएको छ ।

सोमबार बिहान ११ बजेको समयमा आफ्नै बारीमा आलु रोप्ने क्रममा ११ हजार भोल्टेजको प्रसारण लाईनको बिजुलीको पोलमा छुँदा करेन्ट लागेर १४ वर्षीया नुर्जी वाङ्मु तामाङको मृत्यु भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । नुर्जीको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल चौतारा पुऱ्याइएको प्रहरीले जानकारी दिएको छ ।

# प्रोग्रेसिभ इन्जिनियरमा कार्की

समाज संवाददाता

हेटौंडाः नेकपा एमाले निकट प्रोग्रेसिभ इन्जिनियर्स एसोसिएसन मकवानपुरको अध्यक्षमा विवेक कार्की निर्वाचित हुनुभएको छ । मंगलबार हेटौंडामा भएको दोस्रो अधिवेशनले कार्कीको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन गरेको हो ।

समितिको उपाध्यक्षमा प्रितम् मोक्तान, सचिवमा विशाल खड्का, सहसचिवमा नयन नेपाल, कोषाध्यक्षमा राशिका थापा, सदस्यमा सुरेश मोक्तान, नवीन मोक्तान, भावुक नेपाल, आयुषा जोशी र सरोज लुइटेल चयन हुनुभएको छ । निवर्तमान अध्यक्ष निकित पोखरेलको अध्यक्षता तथा नेकपा एमाले पोलिट्व्युरो सदस्य पार्वत गुरुङको प्रमुख आतिथ्यमा अधिवेशन भएको हो । अधिवेशनको उद्घाटन समारोहमा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, वडा सदस्य जनरल श्रेष्ठ, पेशागत महासंघ मकवानपुरका अध्यक्ष श्रीराम दाहालको पनि आतिथ्य रहेको थियो ।

# चोरीको आशंकामा दुईजना पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयमा आइतबार राती भएको चोरीमा संलग्न भएको आशंकामा प्रहरीले २ जनालाई नियन्त्रणमा लिएको छ । चोरीमा उनीहरुको संलग्नता भए-नभएको विषयमा अनुसन्धान भैरहेको प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ । आइतबार राती करिब २ बजेको समयमा विद्यालयबाट ९ हजार रुपैयाँ नगद, २० हजार रुपैंया बराबरको मोबाइल र १० हजार रुपैयाँ बराबरको जिन्सी सामान चोरी भएको थियो ।

हार्दिक बधाई



यस केबी ग्रुप अफ इन्जिनियरिङ प्रालिका प्रबन्ध निर्देशक विवेक कार्की हेटौंडा-४, करास्थित श्रमिक माविको व्यवस्थापन समिति अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

केबी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड




इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि
हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६९४/९८४३०२८६३५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ